नेपाल नागरिक उड्डयन प्राधिकरण

# सिमरा नागरिक उड्डयन कार्यालय

सिमरा, बारा ।

## विमानस्थल क्षेत्रभित्र रहेको जग्गा कृषि प्रयोजनको लागि ठेक्कामा दिने बारेको बोलपत्र आह्वानको सूचना ।

**प्रकाशित मिति २०७९।१२।२०**

यस कार्यालयको क्षेत्रभित्र रहेको प्लट नं २ को जग्गा कृषि प्रयोजनको लागि २०८०/०१/१५ देखि लागु हुने गरि ३ (तिन) बर्षको लागि तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्कामा दिनुपर्ने भएको हुँदा इच्छुक सङ्घ–संस्था तथा व्यक्तिहरुबाट रितपूर्वक बोलपत्र आह्वान गरिएको छ।

<u>तपसिलः–</u>

१) इच्छुक सङ्घ–संस्था, नेपाली नागरिक वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम रु ३३९।– (तिन सय उनान्चालिस) मु.अ.क.सहित फिर्ता नहुने गरी यस कार्यालयको एभरेष्ट बैंक सिमरा स्थित खाता नं. ००७००१०५०००१५१ मा जम्मा गरेको सक्कल बैंक भौचर बुझाई, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको सक्कलै प्रति साथमा ल्याई सोको छाँयाप्रति र सङ्घसंस्थाको हकमा आधिकारीक फर्म/कम्पनी दतार, PAN/VAT दर्ता र अद्यावधिक, आ.व.२०७८/७९ को कर चुक्ता प्रमाणपत्रको छाँयाप्रति सहित साथमा ल्याई सोको फोटोकपि सहित रु १०।–को टिकट टाँसी निवेदन दिएमा यस कार्यालयबाट प्राप्त गर्न सकिन्छ।

२. बोलपत्र फाराम मिति २०८०।०१।०४ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनुपर्नेछ। पर्न आएका बोलपत्रहरु सोही दिन दिउँसो ३:०० बजे यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि तथा ठेकेदार प्रतिनिधिको रोहवरमा खोलिने छ। तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। सो दिन बिदा परेमा भोलिपल्ट बोलपत्र फाराम बुझाउन पाईने र खोलिने छ।

३. बोलपत्र फारामको साथ प्लटको नक्शा संलग्न हुनेछ। बोलपत्र फारममा उल्लेखित प्लट नं २ धावनमार्गको पूर्वपट्टी VOR/DME रहेको चेनलिङ्क फेन्सीङ गरिएको क्षेत्रफल १२–११–१९ (बाह्र विगाहा एघार कट्ठा उन्नाइस धुर) को न्यूनतम बार्षिक कबोल अंक रु ४,००,०००।–(चार लाख मात्र) हुनेछ ।

४. आफूले कबोल गर्न चाहेको प्लटको दररेट बार्षिक रुपमा स्पष्ट खुल्ने गरी अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

५. बोलपत्र जमानतबापत बोलपत्रदाताले बार्षिक कबुल गर्ने अंकको ३ बर्षको लागि ५% हुने रकम यस कार्यालयको एभरेष्ट बैंक लि. सिमरा स्थित धरौटी खाता हि.नं. ००७००१०५०००१५२ जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्ने छ।

६. बोलपत्र कबुल अङ्कमा यति प्रतिशत घटी वा बढी वा अन्य केही कुराको शर्त राखेको वा कैफियत जनाएको बोलपत्र मान्य हुने छैन। रित नपुगेको, म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताबाट स्वीकृत कुल ठेक्का अङ्कको २५% हुने रकमको नेपाल राष्ट्र बैंकबाट (क) वर्गको इजाजत प्राप्त बैंकको कम्तीमा सम्झौता अवधिको ६ महिना बढी सम्म म्याद भएको बैंक जमानत वा कार्यालय धरौटी खाता हि.नं. ००७००१०५०००१५२ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी सम्झौता पश्चात् चलन पुर्जी दिइने छ।

८. ठेकेदारले उक्त जग्गामा उखु, मकै जस्ता अग्ला अग्ला बोट, बिरुवा हुने बाली तथा गाँजा जस्ता कानूनद्धारा निषेधित बाली लगाउन पाइने छैन।

९. आफूले सकार गरेको जग्गाको फेन्सिङहरुको रेखदेख तथा मर्मत सम्भार ठेकेदारले आफ्नै खर्चबाट गर्नुपर्नेछ। साथै उक्त क्षेत्रभित्र रहेका उपकरणहरुको रेखदेखसमेत ठेकेदारले गर्नुपर्नेछ ।

१०. अन्य विस्तृत जानकारीको लागि एवं प्लट हेर्न चाहनेले कार्यालय समय भित्र सम्पर्क राख्नुपर्नेछ।

११. कबुल गर्ने ठेकेदारले हवाई उपकरण, जमिनमुनि रहेका तारहरु आदि, बचाई, हवाई उडान अवतरणमा बाधा नपर्ने गरी फेन्सिङ गरिएका जग्गाहरु अनधिकृत रुपमा गाई, बस्तु, ब्यक्तिहरुको प्रवेश नियन्त्रण गरी विमानस्थल सुरक्षा व्यवस्थामा असर पर्ने खालका कुनै गतिविधी गर्न पाईने छैन।

१२. नेपाल नागरिक उड्डयन प्राधिकरणको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा प्राधिकरणलाई आवश्यक परेमा ठेक्कामा दिइएको जग्गाको बन्दोबस्त रद्द गर्ने अधिकार समेत यस कार्यालयमा निहित रहने छ।

१३. यो सूचनामा नपरेका अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ।

..............................

(सूर्य बहादुर खत्री)

विमानस्थल प्रबन्धक